का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ असार २०८०,
बुधबार
12 July 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १६७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# ललिता निवास प्रकरणको लहरा

भूमि व्यवस्था विभागका पूर्वमहानिर्देशक रुद्रबहादुर श्रेष्ठ मंगलबार पक्राउ परेसँगै ललिता निवास जग्गा प्रकरणमा संलग्न रहेको आरोपमा असार दोस्रो सातायता पक्राउ पर्नेको संख्या २० पुगेको छ ।

**१२ असार**
७ जना पक्राउ,
३ जना रिहा ।

पक्राउ पर्नेहरु – भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन प्रमुख कलाधर देउजा, खरिदार गोपाल कार्की, कर्मचारी सुरेन्द्रमान कपाली, हुपेन्द्रमाणि केसी र धर्मप्रसाद गौतम ।
रिहा हुनेहरु – मालपोत कार्यालय डिल्लीबजारमा तत्कालीन कर्मचारी कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसी

**१७ असार**
तत्कालीन वडा सचिव शिवजी भण्डारी पक्राउ, नापी सर्वेक्षकद्वय घमनकुमार कार्की मोही र बाबुराम महर्जन पक्राउ ।

**२२ असार**
चार पूर्वसचिवविरुद्ध पक्राउ पुर्जी जारी (दीप बस्न्यात, छविराज पन्त, दिनेशहरि अधिकारी र नारायण गोपाल मलेगो) ।

**२४ असार**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउत पक्राउ, समरजंग कम्पनीका पूर्वप्रमुख लोकहरि घिमिरे पक्राउ, नापी सर्वेक्षक ध्रुव अर्याल पक्राउ ।

**२६ असार**
भूमि व्यवस्था विभागका पूर्वमहानिर्देशक रुद्रबहादुर श्रेष्ठ पक्राउ, पूर्वनायबसुब्बा योगराज पौडेल पक्राउ, खरिदार नारायणदास श्रेष्ठ पक्राउ ।



कानूनको दायरामा ल्याउने काममा निर्भिकतापूर्वक अगाडि बढ्नुपर्छ । व्यक्तिको बारेमा सोच्नु पर्दैन । 'गो अहेड' भनिएको छ । पुलिसलाई भनिएको छ, 'तपाईंहरु अझै अनुसन्धान गर्नुस् ।'

**नारायणकाजी श्रेष्ठ**
उपप्रधान एवं गृहमन्त्री

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २६ असार ।

मंगलबार ललितानिवास जग्गा प्रकरणमा संलग्न रहेको आरोपमा भूमि व्यवस्था विभागका पूर्व महानिर्देशक रुद्रबहादुर श्रेष्ठ पक्राउ परेका छन् । यो संगै यो प्रकरणमा संलग्न रहेको आरोपमा पछिल्लो असार दोस्रो साता यता पकाउ पर्नेको संख्या १६ पुगेको छ । चार जना पूर्व समिचवहरु समेत गरी ४०६ जना विरुद्ध पकाउ पुर्जी जारी भएको छ ।


१२ असारमा ७ जनालाई पकाउ गरेर प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले ललिता निवास >>> पृष्ठ २ मा

## संसदमा प्रश्न : ठूला माछा कहिले समातिन्छन् ?

सांसदहरुले ललिता निवास जग्गा प्रकरणको फाइल ढिलै भएपनि खोलेकामा सरकारको प्रशंसा गरेका छन् । तर, यो प्रकरणमा जोडिएका उच्च पदस्थ व्यक्ति सबैमाथि अनुसन्धान हुनेमा उनीहरुले आशंका छ ।

नेपाली कांग्रेसका सांसद राजेन्द्र केसी ललिता निवास प्रकरणमा जग्गा फिर्ता गरेको आधारमा कारबाहीबाट उन्मुक्ति पाउन नहुने >>> पृष्ठ २ मा

## 'नियत हेरेर निर्णय गर्नुपर्छ'



एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल बालुवाटारको ललिता निवास जग्गा प्रकरणमा बदमासी गर्नेले दण्ड पाउनुपर्ने बताउँछन् । तर, कुनै मानिसलाई निर्णय गरेकै आधारमा >>> पृष्ठ २ मा

# नेपाली आकाशको सुरक्षामा फेरि प्रश्न

## मनाङमा हेलिकप्टर दुर्घटना : क्याप्टेनसहित ६ जनाको मृत्यु

असुरक्षित भनेर निकै अघिबाट युरोपियन युनियनले नेपाली आकाशलाई कालो सूचीमा राखेको छ । तर त्यसविरुद्ध नेपालले बलियो जवाफ दिन नसकिरहेका बेला एकपछि अर्को दुर्घटनाले थप प्रश्न उब्जिएको छ ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २६ असार ।

सोलुखुम्बुमा मनाङ एयरको हेलिकप्टर दुर्घटना हुँदा क्याप्टेनसहित ६ जनाको मृत्यु भएको छ । मंगलबार बिहान सोलुखुम्बुको सुर्के हेलिप्याडबाट काठमाडौंका लागि उडेको मनाङ एयरको ९ एन-एएमभी कलसाइन रहेको हेलिकप्टर लिखुपिके गाउँपालिका-५को लामजुरा क्षेत्रमा दुर्घटना हुँदा क्याप्टेन चेतबहादुर गुरुङ र ५ जना मेक्सिकन यात्रुको मृत्यु भएको हो ।

मृत्यु हुने मेक्सिकन यात्रुहरूमा सिफुएन्टेस जी फर्नाडो, रिंकोन इस्माइन, सिफुएन्टेस जी मारिया होजे, गोन्जालेज ओलासियो लुज र गोन्जालेस एब्रिक रहेका छन् ।

गत माघ १ मा पोखरामा यति एयरलाइन्सको जहाज दुर्घटना भएको थियो । त्यस बेला ७२ जनाको मृत्यु भएको थियो । यसले नेपालको आकाश कति सुरक्षित छ भन्ने प्रश्न फेरि उब्जिएको छ ।

नेपाली आकाश असुरक्षित रहेको भनी युरोपियन युनियनले नेपाललाई कालो सूचीमा राखेको छ । मंगलबारको दुर्घटनाले फेरि नेपाली आकाशको सुरक्षामा प्रश्न उठाएको छ ।



## छानबिन समिति गठन

मनाङ एयरको हेलिकप्टर दुर्घटनाको छानबिन गर्न सरकारले समिति बनाएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले छानबिन समिति गठन गरेको हो ।

मन्त्रिपरिषद् बैठकले सो घटनाबारे दुःख व्यक्त गर्दै पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा छानबिन समिति गठन गरेको हो । घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरुप्रति श्रद्धाञ्जली अर्पण गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री एवं नेपाल सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन् ।

'आज असाध्यै दुखद् घटना तपाई हामी सबैलाई थाहा छ-मेक्सिकोका नागरिकहरु बोकेको मनाङ एयरको हेलिकप्टर दुर्घटना भएको छ' सरकारका प्रवक्ता समेत रहेकी मन्त्री शर्माले भनिन्, 'यसप्रति मन्त्रिपरिषद् बैठकले सबै मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ । यसमा पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा एउटा छानबिन समिति गठन गरिएको छ ।'

**कांग्रेस बैठक**

# आलोचनाबाट जोगिने देउवाको दाउ

हरेक दुई महिनामा बस्नुपर्ने विधानको व्यवस्था भएपनि एक वर्षपछि बुधबारबाट नेपाली कांग्रेसको केन्द्रीय कार्य समिति बैठक बस्दैछ । यो बैठकमा सभापति शेरबहादुर देउवाले संस्थापन इतर समूहबाट हुन सक्ने सम्भावित आलोचनाबाट जोगिने पदाधिकारीहरुको अलग बैठक राख्ने तयारी गरेका छन् ।

अस्मिता बम/मध्यान्ह
काठमाडौं, २६ असार ।

संसदको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसको केन्द्रीय कार्य समिति बैठक बुधबारबाट शुरु हुँदैछ । पार्टी विधानले हरेक दुई महिनामा बैठक बस्नुपर्ने व्यवस्था भएपनि एक वर्षपछि बुधबारबाट केन्द्रीय समिति बैठक बस्दैछ । अघिल्लो वर्ष सभापति देउवा प्रधानमन्त्री हुँदा चार दिनसम्म केन्द्रीय कार्य समिति बैठक बसेको थियो ।

त्यसबेला स्थानीय चुनाव सकिएको थियो । स्थानीय चुनावमा कांग्रेस पहिलो शक्ति भएपनि राजधानी उपत्यका रहेको काठमाडौं महानगरमा गैरदलीय उम्मेद्वार बालेन्द्र शाहले मेयर जितेका थिए । धरान उपमहानगरमा हर्क साम्पाङ, धनगढी उपमहानगरमा गोपी हमाल



लगायतले स्वतन्त्र उम्मेद्वारी दिएर चुनाव जितेका थिए । कांग्रेसकै उम्मेद्वार रहेका यी प्रमुख शहरहरुको हारबारे गम्भीर समीक्षाको आवश्यकता थियो ।

तर पार्टी महाधिवेशन सकिएको ६ महिना मात्रै भएकाले संगठन र राष्ट्रिय राजनीतिबारे धेरै छलफल भयो । त्यसपछि प्रतिनिधिसभा तथा प्रदेशसभा चुनाव भयो । यी तीन वटै तहको चुनावमा कांग्रेसले पाँच दलीय गठबन्धन बनाएर प्रतिस्पर्धा गरेको थियो । तर चुनाव लगत्तै नेकपा माओवादी केन्द्रले गठबन्धन बदल्यो । नेकपा एमालेको नेतृत्वमा पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भए ।

चुनावको समीक्षा नहुँदै सत्ता निर्माणमा कांग्रेस अलग हुन पुग्यो । संसदको सवैभन्दा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संख्या सयको बाधा अड्काउ फुकाउने मन्त्रिपरिषद्को निर्णय

## खुसीयालीमा व्यवसायीद्वारा बधाई साटासाट

मध्यान्ह संवाददाता
काठमाडौं, २६ असार

सरकारले वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका वैदेशिक रोजगार कम्पनीको इजाजतपत्र (लाइसेन्स) नवीकरण गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को मंगलबारको बैठकले वैदेशिक रोजगार ऐनको दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी गर्दै वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिन नसकेका म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्ने निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक



सुरक्षामन्त्री शरतसिंह भण्डारीले जानकारी दिए ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा १२ तथा वैदेशिक रोजगार नियमावली २०६४ को नियम ८ मा अन्य व्यवस्थासहित व्यवसायीले इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

मन्त्रिपरिषद्को बाधा अड्काउ फुकाउ आदेश नेपाल राजपत्रमा सूचना प्रकाशित भएपछि कार्यान्वयनमा आउने छ । सूचना बिहीबारसम्म प्रकाशित >>> पृष्ठ २ मा

## वैदेशिक रोजगारको समस्याबारे संघद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सेवा शुल्क परिमार्जनसहित आधा दर्जन विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराएको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा >>> पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएकाहरू मध्ये केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही **मिति २०८० असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिक**को** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने केही विज्ञापन एजेन्सी/कम्पनी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह
राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२८२९८, ५३२६३६६
**Email: madhyanhadaily59@gmail.com**
**ad.madhyanha@gmail.com**

# भन्सार नीति कडाइले सुक्न थाल्यो भारतीय बजार

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २६ असार

एक सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार लगाउन लागेपछि सीमावर्ती क्षेत्र ठूठीबारीको व्यापार खस्किएको छ ।

नवलपरासीको महेशपुर नाका हुँदै भारतबाट सामान खरिद गरेर ल्याउन प्रशासनले कडाइ गर्दा भारतीय बजार ठूठीबारी, वर्गदवाको कारोबारमा भारी गिरावट आएको हो । भन्सार ऐनअनुसार एक सय रुपैयाँभन्दा बढीको सामान खरिद गरेर ल्याउँदा भैरहवा भन्सार कार्यालयमा अहिले अनिवार्य प्रज्ञापन पत्र भरेर राजश्व तिराउन थालिएको छ। जसले गर्दा नेपाली उपभोक्ता भारतीय बजार ठूठीबारी जान छाडेका छन् ।

९५ प्रतिशत भन्दा नेपाली उपभोक्तामा भरपर्ने भारतीय बजार ठूठीबारी अहिले सुनसान जस्तै छ । विगतमा दैनिक हजारौं नेपाली उपभोक्ता भारतीय बजार सामान खरिद गर्न जाने गर्थे । महेशपुर भन्सार कार्यालयका सूचना अधिकृत मोहराज जैसीले असार ५ गतेबाट एक सय रुपैयाँ बढीको सामान ल्याउँदा अनिवार्य प्रज्ञापन पत्र भर्न र राजश्व तिराउन थालिएपछि भारतीय बजार जाने नेपाली उपभोक्ता घटेको बताए ।



उनले भने, 'हाम्रो अनुमानमा अहिले करिब ८० प्रतिशत भारतीय बजारमा खरिद गर्न जाने उपभोक्ता घटेका छन्, ठूठीबारी गएर सामान लिएर आउनेले पनि भन्सारमा राजश्व तिरिरहेका छन् ।' यसबाट भन्सार राजश्व राम्रो उठेको जैसीले बताए। भन्सारका अनुसार अहिले खुद्रा सामानबाटै दैनिक करिब एक लाख रुपैयाँ भन्दा बढी राजश्व उठिरहेको छ ।

व्यापार घट्दै गएपछि भारतीय व्यवसायी आक्रोशित भएका छन् । विगतमा एउटै व्यक्तिले लाखौंको सामान ल्याउँथे । यसरी ल्याउनेले भन्सारमा प्रज्ञापन पत्र भर्ने गर्दैनथे। जसबाट दैनिक लाखौं राजश्व गुमिरहेको थियो । अहिले भन्सार, सशस्त्र र नेपाल प्रहरीले नाकामा कडाइ गरेपछि भारतीय बजार सुनसान जस्तै छ । भारतीय व्यापारीले कर्मचारी समेत घटाएका छन् ।

'हामीलाई सुन्नमा आएअनुसार ६० प्रतिशत कर्मचारी कटौती गरेका छन् रे' परासीका स्थानीयले भने 'अहिले जसरी निरन्तर भन्सार र सहायक नाकामा कडाइ गर्ने हो भने नेपाली बजार फस्टाउँछ। यसले मुलुकका लागि राम्रो हुन्छ ।' उनका अनुसार नाकामा कडाइ गरिएपछि भारतीय व्यापारी फुर्सदिला भएका छन् । कारोबार न्यून छ । चार गुणा कारोबार घट्दा उनीहरूले नेपाली व्यापारीको आलोचना गरिरहेका छन् । नाका सहज नगरे नेपाल-भारत सम्बन्धमै दरार आउने बताइरहेका छन् ।

विभिन्न निकायमा हारगुहार गरिरहेका भारतीय व्यापारीको नाका सहज गराउने प्रयास सफल भएको छैन ।

# एक लाख घुससहित लेखा अधिकृत पक्राउ

**रामएकवाल राम/मध्यान्ह**
लहान, २६ असार

सडक डिभिजन कार्यालय लहानका लेखा अधिकृत घुससहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक लाख घुससहित लेखा अधिकृत पदमविनोद पोखरेललाई रंगेहात पक्राउ गरेको हो । बर्दिवास कार्यालयबाट खटिएको अख्तियारको टोलीले लेखा अधिकृत पोखरेललाई



घुस लिइसकेको अवस्थामा कार्यालयको क्वार्टरबाट नियन्त्रणमा लिएको थियो ।

उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ। क्वार्टरबाट नियन्त्रणमा लिएपछि अख्तियार टोलीलाई नजिकै रहेको अर्को भवनमा पुऱ्याएर जनप्रतिनिधि, निर्माण व्यवसायीहरूको रोहवरमा सर्जमिन मुचुल्का उठाएर साँझ साढे ७ बजेतिर बर्दिवास लगेको छ । अख्तियार टोलीले भवनभित्र मुचुल्का उठाइरहँदा कार्यालयको मुख्य गेटबाहिर केही निर्माण व्यवसायीहरूले लेखा अधिकृत पोखरेललाई नियोजित रूपमा फसाइएको भन्दै नाराबाजी गरेका थिए ।

# घुस लिएको आरोप लागेका कर्मचारीको नगरप्रमुखद्वारा बचाउ

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २६ असार

चन्द्रपुर नगर प्रमुख सन्जय काफ्लेले घुस लिएको आरोप लागेका एक कर्मचारीको बचाउ गरेका छन् । नगरप्रमुख काफ्लेले एक विज्ञप्ति नै जारी गरेर कर्मचारीको बचाउ गरेका हुन् ।



नेपाली कांग्रेस चन्द्रपुरका नगर सभापति मुकेस गिरीसहितका नेताले सव-इन्जिनियर राजु चौधरीसहितका प्राविधिकले ४ लाख रुपैयाँ घुस मागेको आरोप लगाएका थिए । आफुले सोधपुछ गर्दा १० लाखको योजनामा चार लाख घुसको कुरामा सत्यता नरहेको नगर प्रमुख काफ्लेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । साथै नयाँ आर्थिक वर्षमा पत्रकारको लागि छुट्याइएको बजेटको व्याख्या गर्दा अन्यथा अर्थ लाग्ने गएको कुरा जनमानसमा पुग्न गएकोमा त्यसलाई सच्याएर बुझ्न र सकारात्मक रुपमा लिन नगरप्रमुख काफ्लेले विज्ञप्तिमार्फत अनुरोध गरेका छन् ।

# ट्याक्टर दुर्घटनामा चार जना घाइते

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २६ असार

रसुवाबाट गाईघाट आउँदै गरेको स.१ त ७३९८ नम्बरको ट्याक्टर त्रियुगा नगरपालिका -१५ रानीवासमा दुर्घटना भएको छ । मंगलबार दिउँसो ट्याक्टर अनियन्त्रित भइ दुर्घटना भएको हो । दुर्घटनामा ट्याक्टरका सह-चालक खोटाङका २१ वर्षीय एसन राई, रौतामाइ गाउँपालिका कटहरे -५ का १८ वर्षीय विद्या राई, सोही ठाउँ बस्ने अन्दाजी ३८ वर्षीय सिफरा राई र त्रियुगा नगरपालिका -५ श्रीपुरका वर्ष १७ का विशन राई घाइते भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । चालक त्रियुगा नगरपालिका १५ का राजु राई फरार रहेका छन् । घाइतेमध्ये सिफरा राई गम्भीर रहेका छन् । उनलाई अन्य अस्पतालमा रिफर गरिने जिल्ला अस्पताल उदपुरले जनाएको छ ।

# पर्यावरण संरक्षणमा जुटे युवा समूह

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ असार

समाजिक अभियानमा जुटेका रौतहटको यमुनामाई गाउँपालिका वडा नं ५ झुन्खुन्वाका अभिमन्यु पटेल 'आफ्नो गाउँ आफैं बनाऔं' अभियानअन्तर्गत वृक्षारोपण कार्यमा निरन्तर जुटिरहेका छन् । यमुनामाई गाउँपालिका ५ झुन्खुनवा कबरगाहदेखि यमुना माई विद्यालय जाने रोडमा



विद्यालयसम्म युवा समाजसेवी पटेलको सक्रियतामा युवा समूहले वृक्षारोपण गर्दै त्यहाँ भएका खाल्डो पुर्नेलगायतका काम गरिरहेका छन् ।

पटेलले आफूले ट्युसन पढाएर कमाएको पैसा खर्च गरेर वृक्षारोपण कार्यक्रम गरिरहेका छन्। तर स्थानीय तह तथा जनप्रतिनिधिहरुले कुनै सहयोग नगरेको पटेलले बताए ।

**ललिता...**

जग्गा अनियमितताका बारेमा फेरि अनुसन्धान सुरु गरेको जनाउ दिएको थियो । डेढ वर्षअघि महान्यायाधीवक्ताको हस्तक्षेपका कारण रोकिएको अनुसन्धान प्रहरीले अघि बढाउन थालेपछि निरन्तर पकाउ पर्नेक्रम चलिरहेको छ । यसबीचमा तीन जना भने छुटेका छन्।१२ असारमा भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङसहित ७ जनालाई पक्राउ परेका थिए। पक्राउ पर्ने अन्यमा पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन प्रमुख कलाधर देउजा, खरिदार गोपाल कार्की, कर्मचारी सुरेन्द्रमान कपाली, हुपेन्द्रमाणि केसी र धर्मप्रसाद गौतम छन् । अदालतको स्टे अर्डरका कारण मालपोत कार्यालय डिल्लीबजारमा तत्कालीन कर्मचारी कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसी भने छुटे। प्रहरीका अनुसार उनीहरुलाई पक्राउ नगर्न भन्दै १९ साउन २०७९ मा सर्वोच्च अदालतबाट आदेश भएको थियो ।

२६ असारमा भूमि व्यवस्था विभागका पूर्व महानिर्देशक रुद्रबहादुर श्रेष्ठसहित तीन जना पकाउ परेका छन् । प्रहरीले मंगलबार श्रेष्ठलाई काठमाडौंबाट पक्राउ गरेको हाने। श्रेष्ठ २०६० सालमा भूमीसुधार विभागका महानिर्देशक थिए। २०६० सालमा ललिता निवासको केही जग्गा हालसाविक गर्ने नाममा राणा परिवारको नाममा दर्ता गर्ने निर्णय भएको थियो । त्यो काममा संलग्न भएको आरोप श्रेष्ठमाथि लागेको छ ।

त्यो हालसाविकको निर्णयबाट सुवर्ण शम्शेरका हकदारहरू सुनिती राणा, शैलजा राणा, हाटक शम्शेर, हेमन शम्शेर र रुक्म शम्शेर समेतका व्यक्तिहरूका नाममा सरकारी जग्गा दर्ता गरिएको थियो ।

ललिता निवासको जग्गा प्रकरणमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबीले) मंगलबार नै पूर्व नायबसुब्बा योगराज पौडेल र खरिदार नारायणदास श्रेष्ठलाई पनि पक्राउ गरेको छ । उनीहरू काठमाडौंबाट पक्राउ परेका हुन् । पक्राउ परेका पौडेल डिल्ली बजार स्थित मालपोत कार्यालयमा कार्यरत तत्कालीन नासु हुन् भने मिश्र खरिदार हुन् ।

१७ असारमा तत्कालीन वडा सचिव शिवजी भण्डारी, नापी सर्वेक्षक घमनकुमार कार्की र मोही बाबुराम महर्जनलाई पक्राउ परे ।

२४ असारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउत पक्राउ परे । २४ असारमै समरजंग कम्पनीका पूर्वप्रमुख लोकहरि घिमिरे र नापी सर्वेक्षक ध्रुव अर्याल पकाउ परे ।

उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ ललिता निवास जग्गा प्रकरण लगायतका भ्रष्टाचारको अनुसन्धानमा सरकार निर्भिकतापूर्वक अघि बढ्ने बताउँछन् ।

अनुसन्धान गरिरहेको प्रहरीलाई पनि दोषी नउम्किन् र निर्दोष नफसुन् भनेर निर्देशन दिइएको उनको भनाइ छ ।

काठमाडौंको एक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले अनुसन्धानको क्रममा कुनै व्यक्तिलाई पक्रिने कि नपक्रिने वा अनुसन्धान गर्ने कि नगर्ने भनेर आफूलाई सोध्न नपर्ने भनेर प्रहरीलाई भनेको बताए।

'कानुनको दायरामा ल्याउने काममा निर्भिकतापूर्वक अगाडि बढ्नुपर्छ। व्यक्तिको बारेमा सोच्नुपर्दैन। गो अहेड भनिएको छ,' मन्त्री श्रेष्ठले भने, 'पुलिसलाई भनिएको छ, तपाईंहरु अझै अनुसन्धान गर्नुस् ।'

**संसदमा...**

बताउँछन्। 'आठ आना जग्गा, जग्गै घुस खाने। पैसा हैन जग्गै घुस खाने र जग्गा फिर्ता दिएर उन्मुक्ति पाउने कि नपाउने ? यो विषयमा पनि प्रधानमन्त्रीको ध्यानाकर्षण गाराउन चाहन्छु' उनले प्रतिनिधिसभाको बैठकमा भनेका छन् ।

कांग्रेसकै सांसद रामहरि खतिवडा ललिता निवास प्रकरणमा नाम जोडिएका उच्च पदस्थ र राजनीतिक व्यक्तिमाथि अनुसन्धान हुनेमा आशंका गर्छन ।

'ललिता निवास प्रकरणमा साना माछाहरु ढोक्सामा पर्न लागेको सुनियो । ठूला, चार आना, आठ आना, ३२ आनाका माछाहरु पनि ढोक्सामा पर्ने व्यवस्था सरकारले गरोस् । साना भुरालाई जालमा हाल्ने ठूलालाई छोड्ने काम नगरोस्' सांसद खतिवडाले भनेका छन् ।

ललिता निवास प्रकरणको उचित छानबिन गरेर निष्कर्षमा पुऱ्याउन सरकारलाई नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालको आग्रह छ ।

**नियत...**

दोष लगाउनुभन्दा पनि उसको नियत र त्यसबाट फाइदा लिने गिरोहलाई हेरेर निर्णय गर्नुपर्ने उनको मत छ ।

नेपाल पत्रकार महासंघ पाल्पा शाखाले मंगलबार बिहान तानसेनमा आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै पूर्वप्रधानमन्त्री नेपालले सरकारी जग्गालाई व्यक्तिको नाममा पास गर्ने कार्यमा जोसुकै दोषी देखिए पनि कारबाही हुनुपर्ने बताए ।

आफू प्रधानमन्त्री हुँदा ललितानिवासको जग्गा सरकारी हो कि होइन भनेर कानुनसम्मत रुपमा छुट्याएर अगाडि बढ्ने निर्णय गरेको बताउँदै उनले भने, 'त्यो निर्णय विपरीत अन्य निकायबाट सरकारी जग्गालाई व्यक्तिको भनेर निर्णय गर्छ भने त्यसको जिम्मेवार को हुने हो ? सरकारी जग्गा हिनामिना प्रकरणमा जोसुकैले कसुर गरेको होस्, उसले दण्ड पाउनुपर्छ ।'

ललितानिवास जग्गा प्रकरणमा नाम आउनेबित्तिकै आत्तिहाल्नुपर्ने अवस्था नहुने अध्यक्ष नेपालले बताए। 'जुनसुकै तहका मान्छेले बदमासी गर्न सक्छन्, त्यसमा जोडिएको, संलग्न, हिस्सेदार छ वा छैन भन्ने कुरासँग पनि जोडिएको हुन्छ,' उनले भने ।

**आलोचनाबाट...**

ठूलो दल भएपनि सभापति देउवाले प्रधानमन्त्री पदमा दाबी गर्ने मौका समेत पाएनन्। १० पुस २०७९ मा तत्कालीन राष्ट्रपतिले दिएको एक हप्ते समयको उपयोग गर्दै प्रचण्डले एमाले सहित सात दलको समर्थनमा प्रधानमन्त्री दाबी गरे । त्यसैदिन प्रधानमन्त्री नियुक्त भए ।

पाँच दलीय गठबन्धन हुँदा पनि एमाले हाराहारीकै शक्तिमा खुम्चिनु परेको, पार्टी गठन गरेका सात महिनाभित्रै रवि लामिछानेले अप्रत्यासित मत पाएको, पुरानो पार्टी राप्रपादेखि जनमत पार्टी र नागरिक उन्मुक्तिले समेत आकार बढाएको अवस्थाबारे कांग्रेसले पार्टीभित्र समीक्षा नै गरेन ।

सत्ता गठबन्धनसँग बहुमत रहेकाले संघदेखि प्रदेशसम्मका व्यवस्थापिकाको नेतृत्व र सत्ता निर्माणमा कांग्रेस अलग भयो । फेरि प्रचण्डले गठबन्धन बदलेकाले रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भए । संघसहित सातै प्रदेश सरकारमा कांग्रेस सहभागी भएपनि व्यवस्थापिकाको नेतृत्व लिनबाट कांग्रेस अलग हुन पुग्यो ।

अहिले प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारमा कांग्रेस सहयोगी भूमिकामा छ। तर कांग्रेसले आफ्नो बलियो उपस्थिति जनाउन सकेको छैन । पार्टीलाई लगभग निष्कृय अवस्थामा छ। अहिलेसम्म कोषाध्यक्ष मनोनित हुन सकेको छैन भने केन्द्रीय कार्य समिति र कार्य सम्पादन समिति अधुरै छ। केन्द्रीय सदस्यहरु भूमिकाविहीन छन्। भातृ संगठन अझै भद्रगोल छ। यसबारे संस्थापन इतर समूहले प्रश्न उठाउने संभावना छ ।

महामन्त्रीहरु गगन थापा र विश्वप्रकाश शर्माले सभापतिलाई पदमुक्त गर्नेसम्मको प्रचार गरिरहेका छन् । यस्तो बेला संस्थापन इतरका पदाधिकारीलाई बोल्न समेत नदिनेगरी सभापति देउवाले पदाधिकारी बैठक राखेर मात्रै केन्द्रीय कार्य समिति बैठक राख्ने तयारी गरेका छन् । जबकी कांग्रेस विधानले केन्द्रीय कार्य समितिको बैठकको एजेण्डाप्रति पदाधिकारीहरुले अलग छलफल गर्ने व्यवस्था गरेको छैन । तर सभापति देउवाले आफ्नो आलोचना बैठकमै थापा, शर्मा लगायत पदाधिकारीबाट हुन सक्ने संभावना देखेर अलग बैठक राख्ने तयारी गरेका छन् ।

**संख्या...**

हुने अपेक्षा गरिएको छ। मन्त्रिपरिषद्को निर्णयले असार मसान्तसम्म सय जना कामदारको श्रम स्वीकृति लिन नपाएका व्यवसायीको इजाजतपत्र नवीकरण हुने भएपछि लाइसेन्स जोगिएको र पेशा व्यवसायको अधिकार संरक्षण भएको भन्दै व्यवसायीले एकआपसमा खुसी तथा बधाई साटासाट गरेका छन् । विगत केही हप्तायता इजाजतपत्र नवीकरणका लागि वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यता हटाउनुपर्ने विषयमा दबाब सिर्जना गर्न व्यवसायीहरुले आ-आफ्नो ढंगले सक्रियता देखाएका थिए ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले सोमबार सभामुख देवराज घिमिरे तथा नेकपा एमालेका महासचिव शंकर पोखरेललाई छुट्टाछुट्टै भेटेर ऐनको अव्यवहारिक व्यवस्थाले पारेको समस्या समाधानका लागि आग्रह गरेको थियोभने नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटालगायतको व्यवसायी टोलीले उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, अर्थमन्त्री डा. प्रकाशशरण महतलगायतलाई भेटेर संख्या सय समस्याको तत्काल समाधान दिन ध्यानाकर्षण गराएको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले संघसहित विभिन्न क्षेत्रका व्यवसायीको दबाब र प्रयासले सबै व्यवसायीको इजाजत नवीकरण हुने अवस्था आएको बताए ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छादोर्जे दिमदोङले सरकारले नेपालको संविधानले समाजवाद उन्मुख समाज निर्माण गर्ने लक्ष्य राखेको र सरकारले सबैको लाइसेन्स नवीकरण गर्ने निर्णय गरेर सानाठूला सबै व्यवसायीको पेशा तथा रोजगारको अधिकार संरक्षण गरिदिएको भन्दै खुसी व्यक्त गरे ।

**वैदेशिक...**

मंगलबार गएको संघ कार्यसमितिले वैदेशिक रोजगारको क्षेत्रमा देखिएका समस्या समाधानको माग गर्दै प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराएको हो ।

संघले रोजगारदाताले नदिएको खण्डमा बढीमा १० हजार सेवा शुल्क लिन पाउने व्यवस्था अव्यवहारिक रहेको भन्दै कम्तीमा एक महिनाको तलब बराबर सेवा शुल्क लिनसक्ने व्यवस्था गर्न प्रधानमन्त्रीसँग माग गरेको छ । साथै संघले मागपत्र प्रमाणीकरणमा रहेको समस्याको समाधान, जापानको रोजगारीमा रहेका समस्याको समाधान र घरेलु कामदार पठाउने सम्बन्धमा रहेका समस्याको समाधान गरिदिन आग्रह गरेको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए। प्रधानमन्त्री प्रचण्डले संघले उठान गरेका विषयहरुलाई समाधान गर्ने आश्वासन दिएको पनि महासचिव भुर्तेलले जानकारी दिए ।

संघले इजाजतपत्र प्राप्त संस्थाहरुले नवीकरणका लागि वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यकारी व्यवस्थाको अन्त्य गर्नसमेत प्रधानमन्त्रीसमक्ष माग गरेको थियो। यद्यपि मंगलबार नै बसेको मन्त्रिपरिषद् बैठकले वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने निर्णय गरेको छ । सरकारले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमा यो व्यवस्था हटाउन प्रस्ताव गरेपनि समय अभवका कारण संसदबाट विधेयक पारित भएको थिएन ।

हाल साढे ९ सयमध्ये २ सय ४० म्यानपावर कम्पनीले वैदेशिक रोजगार ऐनले नवीकरणका लागि तोकेको वार्षिक सय जनाको श्रम स्वीकृति लिन नपाएको बताइएको छ । मन्त्रिपरिषद्को निर्णयसँगै अब सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुने भएको छ ।

**जिल्ला क्रिकेट संघ, कालिकोटको अत्यन्त जरुरी सूचना**

नेपाल क्रिकेट संघको विधान २०५५ संशोधन विधानको परिच्छेद ९ को धारा २३ को उपधारा ३ को क, ख, ग, घ, ङ र च बमोजिम तपसिल अनुसारको योग्यता पुगेको व्यक्ति तथा क्लबलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८० साउन १० गते) भित्र तपसिलमा उल्लेखित आवश्यक कागजातसहित आवेदन दिई सदस्यता लिन हुन अनुरोध गरिन्छ।

**सदस्यता प्राप्त गर्ने मापदण्ड**

१. विगत तीन अलग-अलग वर्गमा तीन वटा राष्ट्रिय प्रतियोगिता खेलेको पूर्व खेलाडीहरु ।
२. एउटा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता खेलेका पूर्व खेलाडीहरु ।
३. आईसीसी, एसीसी तथा नेपाल क्रिकेट संघद्वारा आयोजित प्रशिक्षण कार्यक्रमबाट श्रेणी (क) उत्तीर्ण गरेको अम्पायर, कोच तथा स्कोररहरु ।
४. दुई कार्यकाल केन्द्र/प्रदेश/जिल्ला क्रिकेट संघमा कार्य गरेका सदस्यहरु ।
५. विगत ८ वर्षमा संघद्वारा आयोजित जिल्लास्तरीय क्रिकेट प्रतियोगितामा दुई पटक सहभागी भएका क्लबहरु ।

*नोट : माथि उल्लेखित योग्यता पुगेका व्यक्ति तथा क्लबहरुको सदस्यता लिन आउँदा योग्यता पुगेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।*

**सम्पर्क नं. ९८४८१८४८०८**

**जिल्ला क्रिकेट संघ, कालिकोट**

**पश्चिमाञ्चल विकास मञ्चको**

**वार्षिक साधारण सभासम्बन्धी सूचना**

यस मञ्चको मिति २०८०।०३।२४ गते बसेको कार्यसमितिको बैठकको निर्णयानुसार यस मञ्चको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**मिति: २०८० साल साउन १३ गते, शनिबार**

**समय: दिनको ठिक १:३० बजे**

**स्थान: चन्द्रागिरि हिल्स, केबलकार स्टेशन, चन्द्रागिरि, काठमाडौं**

**यादव भट्टराई**
महासचिव

**Provincial Road Division Office, Dhading**

**Re-Invitation for Bids**

**Date of First Invitation: 10th February, 2023, (2079/10/27)**
**Date of Second Re-Invitation: 12th July, 2023 (2080/03/27)**

1. Provincial Road Division Office (PRDO), Dhading, Bagmati Province invites electronic bids from eligible bidders for the construction of contracts mentioned below.
2. Following invited bids should have qualification mentioned below:

| IFB No. | Contract ID | Project Name | Bid Validity | Bid Security | AACT of best 3 Years | Work Experience of | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| PRDODHA/IFB-BR05/2079/80 | PRDODHA/W/NCB/MYBR 05/2079/80 | Construction of Borangbeshi Aankhu Dovan Paitisa Bridge, Ruby Valley 4 & 5, Dhading | 90 days | NRs. 2 Million | *NRs. 46.2 Million* | One (1) RCC Motorable Bridge contract within the last ten(10) years with a value of at least NRs. 46.20 million | Nrs 5,000/- |

3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned in Rajaswa (Revenue) in Rastriya Banijya Bank, Dhadingbesi, Dhading on the name of Provincial Road Division Office, **Account No. 1000100200010000** with **Office Code No. 3370130013** and **Revenue Heading No. 14229**
4. Bids must be valid as mentioned above and must be accompanied by a scanned copy of the bid security in pdf format amounting as mentioned below, which shall be valid for **30 days** beyond the validity
5. Pre-bid meeting shall be held on 17th July, 2023 at 11:00 in PRDO office Dhading.
6. Last date of bid submission is 27th July, 2023 at 12:00 and bid opening shall take place in PRDO office on 27th July, 2023 at 13:00.

**Office Chief**

भारतको हिमाचल प्रदेशमा पहिरो

# रुकुम पश्चिमका एकै परिवारका तीन जनाको मृत्यु



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ असार

भारतको हिमाचल प्रदेशमा पहिरोले पुरिँदा एकै घरका तीन जना नेपालीको मृत्यु भएको छ । हिमाचल प्रदेश सिम्ला जिल्लाको क्यारा भन्ने ठाउँमा गएको पहिरोमा पुरिएर रुकुम पश्चिमका तीन जनाको मृत्यु भएको हो ।

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका-९, खहरेका ५० वर्षीय देवबहादुर ओली, उनकी ४८ वर्षीया श्रीमती भिमा ओली र १६ वर्षीय कान्छा छोरा मोहन ओलीको सोमबार बिहान मृत्यु भएको हो । त्रिवेणी गाउँपालिका-९, का वडाध्यक्ष हरिबहादुर खड्काले अविरल वर्षापछि आएको पहिरोको कारण उनीहरूको मृत्यु भएको खबर प्राप्त भएको बताए ।

क्यारामा विगत तीन-चार दिनदेखि अविरल वर्षा भइरहेको र उनीहरू कोठाभित्रै रहेको बेलामा पहिरो खसेको वडाध्यक्ष खड्काको भनाइ छ । वडाध्यक्ष खड्काका अनुसार आमा भिमा र छोरा मोहन २२ दिनअघि मात्रै त्यहाँ पुगेका थिए। देवबहादुर भने गत मंसिरतिर शुरुमा उत्तर प्रदेशको पौरी गएका थिए । त्यहाँबाट उनी पछिल्लो समय सिम्ला पुगेका हुन् ।

भिमाका जेठा छोरा पनि उनीहरूसँगै बस्ने गरेका थिए । तर पहिरो आएको बेलामा बाहिर भएकाले उनी जोगिएका छन् ।

# धौलीगंगाको बाँध खोल्दा धार्चुलामा एक घर बगायो



**दिपक बाबू साउद/मध्यान्ह**
दार्चुला, २६ असार

धौलीगंगाको बाँध खोल्दा भारतीय क्षेत्र धार्चुलामा एक घर बगाएको छ । भारतको पिथौरागढ जिल्लामा रहेको धौलीगंगा जलविद्युत् परियोजनाको बाँध खोलिएपछि नदीमा बढेको बहावले कटान गर्दा घर बगेको हो ।

नेपालतर्फ पनि महाकाली नगरपालिका वडा नम्बर १ र दुहु गाउँपालिका वडा नम्बर ३ श्रीबगरको बस्तीमुनिबाट नदीले कटान गर्न थालेको स्थानीयले बताएका छन् । अहिले नदीले खेतका किनार काट्न थालेको स्थानीय सुरेन्द्रबहादुर बमले बताए । लास्कु खोला किनारमा पनि महाकालीले कटान गरेको छ ।

भारततर्फ एउटा घर बगाएको जानकारी आएको र नेपालतर्फ घरमा क्षति नभए पनि खेत कटान भइरहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक एवम् सूचना अधिकारी ज्ञानेन्द्रबहादुर सिंहले जानकारी दिए । मंगलबार बिहान ५ बजेदेखि खोलिएको बाँधका ढोकाहरु बेलुका ८ बजेसम्म खुला रहनेछन् ।

दार्चुलाको सदरमुकामको रिङ्नेताल क्षेत्र नजिक नेपालतर्फको तटबन्धको माथिल्लो भागमा पनि पानीको बहाव आउन थालेको छ । त्यस क्षेत्रमा भारतले नेपालले भन्दा अग्लो तटबन्ध निर्माण गर्दा नदीको बहाव नेपालतर्फ मोडिएकाले नदीमा पानीको बहाव अझ बढे तटबन्ध माथि पानी पुग्ने सम्भावना रहेको छ । महाकाली नगरपालिका-१ र दुहु गाउँपालिका-३ को सिमानाका बस्ती श्रीबगर उच्च जोखिममा रहेको छ । त्यहाँ एक वर्ष अगाडि पनि बाढीले जनधनको क्षति गरेको थियो ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०३/२७

**साइनटेक ईन्जिनीयरीङ्ग प्रा.लि. (Sinetec Engineering Pvt. Ltd.)** को मिति २०७९/०७/२१ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्रिसाईज कन्स्ट्रक्सन प्रा.लि. (Precise Construction Pvt. Ltd.) (प्रा.लि. नं.: २०८४५८)** कायम गर्ने गरी मिति २०७९/०७/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

# प्रेस काउन्सिलले बनायो विज्ञ समूह
# आचारसंहिता उल्लंघनमा विशेष निगरानी



**काठमाडौं/रासस-** प्रेस काउन्सिल नेपालले सञ्चार माध्यममा आचारसंहिता उल्लंघनका घटनाको प्रवृत्तिगत समस्या केलाउन विज्ञ समूह गठन गरी काम शुरु गरेको छ ।

वरिष्ठ पत्रकारहरू तारानाथ दाहाल, डा.महेन्द्र विष्ट र बबिता बस्नेत संलग्न समूहले कार्य प्रारम्भ गरिसकेको काउन्सिलले जनाएको छ। दाहाल र विष्ट नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हुन् । बस्नेत सञ्चारीका समूहका पूर्वअध्यक्ष हुन् ।

छापा र प्रसारणसँगै डिजिटल सञ्चारमाध्यमबाट सार्वजनिक समाचारका विषयवस्तु, त्यसबारे जनगुनासो, उजुरी, आचारसंहिताको वर्तमान प्रावधान, काउन्सिलको नियमन, आगामी दिनमा चाल्नुपर्ने कदम समेतबारे विज्ञ समूहले अध्ययन गर्नेछ ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारजगत्लाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन विज्ञ समूहबाट आउने सुझाव महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

'सञ्चार माध्यमका आकार, प्रवृत्ति र प्रस्तुतिमा आएका फरकपन, प्रविधिको विकासले अवसरसँगै चुनौती पनि थपेको छ । जनमानसमा गुनासा पनि बढेका छन् । यसलाई सही ढंगले सम्बोधन गर्न र काउन्सिलको कामलाई थप व्यवस्थित गर्न यो नौलो अभ्यास थालनी गरिएको हो र यो एक शृंखला मात्र हो', विज्ञ समूहको मंगलबारको बैठकमा अध्यक्ष बस्नेतले भने ।

## मलेसियामा रोजगार | कम्पनी: UVONNA (M) SDN. BHD. शहर: Johor

पुर्व स्वीकृत मिति:२०८०/०३/२५ चलानी नं.: ६०२०४४८१ L.T. No.: 289107

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory - Production Operator | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: KILANG BERAS BUKIT PINANG SDN BHD शहर: Darulaman
पुर्व स्वीकृत मिति:२०८०/०३/२६ चलानी नं.: ६०२०४४८० L.T. No.: 288533

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० साउन ३ गते (19 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

PEACE INTERNATIONAL PVT. LTD.
Pingalastha-9 Gaushala, Kathmandu, Tel.: 015913706/015913707, Fax: 4113708
Email: ipe pce.intlovs@yahoo.com, Web.: www.peaceintl.com.np
Gov. Lic No. 11/044/045

## मलेसियामा रोजगारको अवसर | कम्पनी: GEOHAN SDN BHD शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मिति: २०८०/०३/२५ चलानी नं.: ६०२०४४६६ LT. No.: 289140

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३ गते (19 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

वि. एस. ओभरसिज प्रा. लि.
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

## Malaysia मा रोजगार
1. Pramah Resources Sdn.Bhd.

पुन विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/१२/१५ चलानी नं.६०१९८९९१ LTNo. : 283511

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cargo Handling | 07 | साधारण | 1500 | ४२,३८८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Platinum Security Sdn. Bhd.

पुन विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/१२/१६ चलानी नं. ६०१९९०८० LT No.: 283592

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 05 | साधारण | 1500 | ४२,३८८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० साउन ३ गते (19 July, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com
Lic. No.: 1011/068/069

## साउदीमा रोजगार | कम्पनी: CLEAR AL-JAZEERA PLASTIC FACTORY शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०८०/०३/२६ चलानी नं.: ६०२०४५०१ LT. No.: 289138

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३ गते (19 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Zia International Services Pvt. Ltd.
(Al Quraish International (P) Ltd.)
Gaushala-9, Kathmandu, Tel.: 01-4475555
Email: ziaintls@gmail.com | www.ziaintlservices.com
Gov. Lic. No. 633/063/064

## कुवेतमा रोजगारको अवसर | कम्पनी: POSTA PLUS FOR GEN TRADING CO. WLL शहर: KUWAIT

पूर्व स्वीकृत मिति:२०८०/०३/२५ चलानी नं.:६०२०४४५७ L.T. No.:289139

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Labor(Indoor) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४२,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Drivers | 19 | 0 | | 140 | ६०,०५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३ गते (19 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com
श्रम इजाजत नं. २९९/०५८/५९

## साइप्रसमा रोजगार | कम्पनी : SA.GI.AN MANPOWER LIMITED (LIC. NO: 224)

पूर्व स्वीकृत मिति: २०७९/०३/०८ चलानी नं.: ६०१८१५२५ LT. No.: 265338 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 3 | 0 | स. काममा दक्ष | 314 | ४४,४०६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 4 | 0 | | 900 | १२७,२७८ | | | | | | | |

२. कम्पनी : DIA RECRUITMENT & IMMIGRATION SERVICES LTD शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०७९/०८/०१ चलानी नं.: ६०१९१४९० LT. No.: 275698 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer Agriculture Farm | 1 | 1 | स. काममा दक्ष | 465 | ६७,१५५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Employee | 2 | 1 | | 600 | ८६,६५२ | | | | | | | |

३. कम्पनी : MARO KALOU PRIVATE EMPLOYMENT AGENCY शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०७९/०३/०९ चलानी नं.: ६०१८१७५१ LT. No.: 265339 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 1 | स. काममा दक्ष | 600 | ८६,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : ANDRIANA KYRIAKOU शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०७९/०२/२८ चलानी नं.: ६०१८३२५१ LT. No.: 267109 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 2 | 0 | स. काममा दक्ष | 650 | ९३,८७३ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 3 | | 650 | ९३,८७३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३ गते (19 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अग्नि ओभरसिज प्रा. लि.
श्रम इजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी–२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१–४९५०३८९, मो.: ९८४०४११७८५

## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनी: Oriental House Café to serve drinks शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२६०१ L.T. No.: 287227 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foo and Beverage Counter Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food and Beverage Classifier | 3 | 0 | | 1300 | ४५,६८२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ३ गते (19 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Al Taaz International Pvt. Ltd.
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np
Gov. Lic. No. 1251/074/075

## UAE मा रोजगारको अवसर | कम्पनी : RAK CLEANING SOLUTIONS LLC शहर: RAS AL KHAIMAH

पूर्व स्वीकृत मिति: २०७९/०८/०१ चलानी नं.: ६०१९१४२२ LT. No.: 275872 पून विज्ञापन

